# अंतिम सलामि

आइरहयौ
गैरहयौ
अरु पनि आए
गए
किन आँउछन
किन जांछन
थाहा छैन
केवल  आँउछन
केवल जांछन
न आउने लाइ रोक्न सकेको छु
न जाने लाइ छेक्न
तिमी भने निमेष मा गयौ
निमेषमै फेरि आयौ
सायद केहि हरायौ यता
अथवा लग्यौ ?
अरु आए अनि गए
फर्केर आएनन
तिमी भने आइरह्यौ
पटक पटक
म निदाएको बेला
जीवन छरप्रष्ठ भएको बेला
शब्द भएर ,धून भएर
आवाज भएर
गीत भएर

तिमी भित्र म थियँ थिईन
न सोधेँ न सुनायौ
मौन भाषा मा बात गरि रह्यौं
तिमी पनि यात्रामा म पनि
न खोज्यौ, न खोजें
आफ्नै राग मा
आफ्नै धून मा

धेर डुलयौं
कता कता
हरायौ, हराएँ

दसक पछि
फेरि मन टाँसिएको बेला
तिमी टाढा जाने भन्दैछौ
अंतिम सलामि भर्दैछौ
म भने
अल्मल्ल हेरिरहेछु
न रोक्न सक्छु
न गएको हेर्न
म बाँधिएको छु मौला मा
न मुक्ति छ न स्वतंत्रता
अभिमन्यु जस्तै
केवल बाण खाएर
चक्रब्युहमा अल्मलिएको छु
छिया छिया भएर  धनु समाति रहेछु
अनि अंतिम सलामि लिँदै छु

कुनैदिन म पनि
तिमी भित्र आँउदै जाँदै गर्ने हो कि ?

कपिल अधिकारी
ताइपे,ताइवान
**May 14,2003**